बैठक नं. : ०३/२०८२/०८३

स्थान : नगरकार्यपालिका हल

मिति : २०८२/०६/०८ गते

समय : बिहान ८:०० बजे

उल्लेखित स्थान, मिति र समयमा राजापुर नगरपालिकाका नगर प्रमुख श्री दिपेश थारुज्यूको अध्यक्षतामा बसेको राजापुर नगरकार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छन्।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | दिपेश थारु | प्रमुख | अध्यक्ष | |
| २ | मनकला कुमारी चौधरी | उपप्रमुख | सदस्य | |
| ३ | बाबु राम चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ४ | राम चन्द्र चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ५ | प्रसादु थारु | वडा अध्यक्ष | सदस्य | |
| ६ | बिदुर पोखरेल | वडा अध्यक्ष | सदस्य | |
| ७ | रमेश चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ८ | असराज न्यौपाने | वडा अध्यक्ष | सदस्य | |
| ९ | रामु थारु | वडा अध्यक्ष | सदस्य | |
| १० | राजेश थारु | वडा अध्यक्ष | सदस्य | |
| ११ | विष्णु प्रसाद थारु | वडा अध्यक्ष | सदस्य | |
| १२ | शिव लाल थारु | वडा अध्यक्ष | सदस्य | |
| १३ | शिलादेवी थारु | वडा सदस्य | सदस्य | |
| १४ | कृष्णा देवी ढुङ्गाना | वडा सदस्य | सदस्य | |
| १५ | लक्ष्मी चँदारो | वडा सदस्य | सदस्य | |
| १६ | सविता परीयार | वडा सदस्य | सदस्य | |
| १७ | शुशिला कुमारी थारु | वडा सदस्य | सदस्य | |
| १८ | त्रिलोचन सिंह | मनोनित सदस्य | सदस्य | |
| १९ | दामोदर परियार | मनोनित सदस्य | सदस्य | |
| २० | रजनी बदेनी नेपाली | मनोनित सदस्य | सदस्य | |
| २१ | वसन्त मल्ल | नि.प्रमुख प्रशासकीय अधिकृत | स. सचिव | |

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८२/०८३ को तेस्रो बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८२/०६/०८ समय : बिहान ८:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : १

| |
|---|
| **प्रस्तावको विषय :** समिक्षा तथा शुभकामना आदान-प्रदान सम्बन्धमा । |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ । |
| **भएको निर्णय :** नेपालको संघिय राजधानी काठमाडौं लगायत देशका विभिन्न ठाउँमा भ्रष्टाचार र कुशासनको अन्त्य, सार्वजनिक जवाफदेहिता र सुशासनका विषयमा नविन युवा पुस्ता Gen-Z द्धारा मिति २०८२/०५/२३ र २४ गते भएको घटनाका कारणहरुका सम्बन्धमा समिक्षा गरि राजापुर नगरपालिकामा सुशासन, पारदर्शिता, सेवा प्रवाहका सम्बन्धमा समिक्षा गरि थप सुधार गर्ने निर्णय गरियो । तथा आउँदै गरेको विजया दशमी, शुभ दिपावली तथा छठ पर्वका अवसरमा समाजमा शान्ति, सुरक्षालाई मध्येनजर गरि विजया दशमी तथा दिपावलीलाई सभ्य र भव्य तरिकाले मनाउनका लागि शुभकामना आदान-प्रदान गरियो । |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br>नाम, थर : वसन्त मल्ल<br>नि. प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८२/०६/०८ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८२/०८३ को तेस्रो बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८२/०६/०८ समय : बिहान ८:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : २

| |
|---|
| **प्रस्तावको विषय :** हिमालयन लिकर्स प्रा.लि. लाई सहमति तथा अनुमति प्रदान गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** हिमालयन लिकर्स प्रा.लि.का संचालक श्री यज्ञ बहादुर ओलीले मिति २०८२/०५/१९ गते पेश गरेको निवेदनानुसार धादिङ्ग जिल्ला वैरेनी गाउँपालिका वडा नं. ५ मा रहेको उच्चकोटीको मदिरा उत्पादन गर्ने उदेश्यले उद्योग विभागमा दर्ता भएको हिमालयन लिकर्स प्रा.लि. लाई यहाँका दक्ष स्थानीय बासिन्दालाइ रोजगारी प्रदान गर्ने गरि बर्दिया जिल्ला राजापुर नगरपालिका वडा नं. ५ स्थित बदालपुरमा स्थानान्तरण गरि आवश्यक मापदण्ड पुरा गरि संचालनका लागि सहमति सहित अनुमती प्रदान गर्ने निर्णय सर्वसम्मत पारित गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br>नाम, थर : वसन्त मल्ल<br>नि. प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८२/०६/०८ गते |

नि. प्रमुख प्रशासकीय अधिकृत